# मुसिकोट नगरपालिका

## स्थानीय राजपत्र

खण्ड : ६ | संख्या : ३ | पौष ०४, २०७९

### भाग- २

### मुसिकोट नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय, रुकुम पश्चिमको

### सूचना

### एम्बुलेन्स सेवा संचालन सम्वन्धी कार्यविधि, २०७९

प्रस्तावनाः नगरपालिका क्षेत्रमा एम्वुलेन्स सेवाको माध्यमवाट विपन्न वर्ग, असहाय, गर्भवती महिला, बालबालीका, न्यून आय भएका तथा स्वास्थ्य सेवाको मूल प्रवाहवाट पछाडी परेका नागरीकहरुलाई स्वास्थ्य सम्वन्धी अधिकारका बारेमा चेतनशील बनाउदै नागरीकका आवाज एवं मागलाई सम्वोधन गर्दै सेवा प्रवाहलाई समावेशी,

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

उत्तरदायी एवं जवाफदेही बनाउन एम्बुलेन्स सेवाको कार्यलाई व्यवस्थित गर्न आवश्यक भएकोले मुसिकोट नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी एम्बुलेन्स सेवा संचालन सम्वन्धी कार्यविधि तयार गरी नगरकार्यपालिकाको मिति २०७९।०८।२१ गतेको बैठकवाट यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम “एम्बुलेन्स सेवा संचालन सम्वन्धी कार्यविधि, २०७९” रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) “एम्बुलेन्स ” भन्नाले बिरामी ओसार्ने स्विकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ

(ख) “एम्बुलेन्स जनशक्ति” भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले मुसिकोट नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख" भन्नाले मुसिकोट नगरपालिकाको नगर कार्यपालिका प्रमुखलाई सम्झनु पर्छ ।

(च) "उपप्रमुख" भन्नाले मुसिकोट नगरपालिकाको नगर कार्यपालिका उपप्रमुखलाई सम्झनु पर्छ

(छ) "चिकित्सक" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्य सेवा प्रदान गर्ने सम्बन्धित परिषद् वाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्दछ ।

(ज) "ऐन " भन्नाले मुसिकोट नगरपालिकाको स्वास्थ्य ऐन २०७७ लाई जनाउनेछ ।

(झ)"विरामी" रोग लगाउने किटाणुको प्रबेश गरी वा नगरी शारीरिक ता मानसिक अस्वस्थताको कारण स्वास्थ्य संस्थामा गई उपचार गर्नुपर्ने र दुर्घटना तथा प्राकृतिक प्रकोपका कारण घाउचोट लागि स्वास्थ्य संस्थामा नियमित तथा आकस्मिक उपचार गर्नुपर्ने व्यक्तिलाई सम्झनु पर्नेछ ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

(ञ) “सेवा शुल्क” भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्नेगरी नगरपालिकाले तोकेको शुल्क सम्झनु पर्छ ।

(ट) “समिति” भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(ठ) "सदस्य" भन्नाले एम्बुलेन्स सेवा सन्चालन समितिका सदस्य सम्झनु पर्छ  र सो शव्दले समितिको सयोजक समेतलाई जनाउदछ ।

(ड) “सेवा” भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

(ढ) "नगर प्रमुख" भन्नाले मुसिकोट नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ण) "एम्बुलेन्स सेवा कोष" भन्नाले नगरपालिकाद्धारा संचालीत एम्बुलेन्स सेवाकोष सम्झनु पर्छ ।

(त) "स्थानीय सेवा प्रदायक" भन्नाले नगरपालीका क्षेत्रमा रहेका सरकारी तथा गैर सरकारी संस्था वा सम्झौता गरी सेवा संचालन गर्ने सहयोगी संस्थालाई सम्झनु पर्छ।

(थ) "एका घरपरिवारको सदस्य" भन्नाले, आमा, बाबु,  दाजु, भाई, छोरा, छोरी सम्झनु पर्नेछ ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

(द) "अति विपन्न" भन्नाले आफनो खेतवारीवाट उत्पादन भएको अन्नवाली तथा फलफूल खेतीवाट उत्पादन भएको आम्दानीको स्रोतबाट वार्षिक रुपमा तीन महिना भन्दा कम समय खान पुग्ने घरपरिवारका व्यक्तिलाई सम्झनु पर्नेछ ।

(ध)"रोजगार" भन्नाले राज्यको सरकारी निकाय, गैरसरकारी संस्था तथा उद्योग प्रतिष्ठानमा मासिक पारिश्रमिक पाउने गरी रोजगार प्राप्त व्यक्तिलाई सम्झनु पर्नेछ ।

## ३. कार्यविधिको उद्धेश्यः

(क) नगरपालिकाद्धारा संचालीत एम्बुलेन्स सेवालाई व्यवस्थीत गर्ने ।

(ख) विपन्न वर्गका नागरिकहरुको स्वास्थ्य सेवामा सहज पहुंच अभिवृद्धि गराई नागरिकको स्वास्थ्य सम्वन्धी जीवन स्तर माथि उठाउने ।

(ग) नगरपालिका क्षेत्रमा संचालन गरीने एम्बुलेन्स सेवा कार्यको प्रयोगमा एक रुपता ल्याउने ।

(घ) एम्वुलेन्स सेवा परिचालनको क्षेत्रमा साझा अवधारणा बनाउने ।

(ङ) साविकमा एम्वुलेन्स सेवा संचालन गरेका संस्थालाई व्यवस्थित बनाउने ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

(च) स्थानीय स्तरमा संचालन भएका र हुने एम्बुलेन्स सेवाको विकास र स्तर उन्नती गर्ने ।

(छ) एम्बुलेन्स सेवावाट नागरिकहरुको वीचमा आपसी सदभाव मेलमिलाप र सहयोगवाट एम्बुलेन्स सेवा प्रदान गरी स्वास्थ्य सम्वन्धी समस्याहरु समाधान गर्न सक्षम गराई समाजमा सहिष्णुता कायम गर्ने ।

## परिच्छेद- २

## एम्बुलेन्स सेवा संचालन कोष परिचालन प्रक्रिया सम्वन्धी व्यवस्था

### ४. एम्बुलेन्स सेवा कोष संचालन परिचालन प्रक्रियाः

(क) एम्बुलेन्स सेवा कोष नगरपालिकाको आफ्नो कोष भएकाले हरेक वडाका वस्तीहरुमा सेवा प्रवाह गरी नगरमा बसोवास गर्ने नागरीकहरुलाई स्वास्थ्य सेवामा सहज पहुँच अभिवृद्धि गराइनेछ ।

(ख) एम्बुलेन्स सेवा कोषको प्रक्रियालाई प्रचलीत लेखा प्रणालीको आधारमा लेखा राखिने छ ।

### ५. एम्बुलेन्स सेवा व्यवस्थापन समितिः

एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन गर्न देहायको पदाधिकारीहरु रहेको एक नगर एम्बुलेन्स सेवा व्यवस्थापन तथा समिति रहनेछ ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

(क) नगर प्रमुख — संयोजक

(ख) नगर उप प्रमुख — सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक — सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत — सदस्य

(ङ) नगर कार्यपालिकाका सदस्य
(महिला १/ दलित १ /पुरुष १ ) — सदस्य

(च) नीजि क्षेत्रवाट एम्बुलेन्स संचालीत
संस्थाको प्रतिनिधि १ जना — सदस्य

(छ) नगरसभाका महिला सदस्य मध्येवाट १ जना सदस्य

(ज) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

६. **एम्बुलेन्स सेवा संचालन व्यवस्थापन तथा परिचालन समितिको काम, कर्तव्य र अधिकारः** एम्बुलेन्स सेवा संचालन व्यवस्थापन तथा परिचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) एम्बुलेन्स सेवा संचालन व्यवस्थापन तथा परिचालन समितिको समन्यमा नगर क्षेत्रमा नगरपालिका वा अन्य निकायद्वारा सचालीत एम्बुलेन्स सेवा सम्बन्धी कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गर्ने सुझाव दिने तथा एम्बुलेन्स सेवा परिचालनसंग सम्वन्धित स्थानीय स्तरका नीति नियमहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

(२) नगरपालिका भित्र बसोवास गर्ने अति विपन्न घरपरिवारका सदस्य जसको एकाघरका कुनै पनि सदस्य रोजगारमा नभएको सदस्य दाङ्ग, नेपालगन्ज र सुर्खेत स्वास्थ्य संस्थासम्म पुरयाउदा लाग्ने एम्बुलेन्स भाडा निशुल्क उपलव्ध गराउन सिफारिस गर्ने ।

(३) एम्बुलेन्स सेवा परिचालन कार्यान्वन सम्वन्धी निर्णय गर्ने र सो अनुसार काम भए नभएको अनुगमन गर्ने र सो अनुसार काम नगरेको पाइएमा सम्वन्धित पक्षलाई कार्यक्रम संचालन गर्न सुझाव दिने वा सचेत गराउने ।

(४) नगरपालिका संचालन भएका वा भविष्यमा हुने एम्बुलेन्स सेवाको अनुगमन तथा मुल्याकन नियमित रुपमा गर्ने ।

(५) नगरपालिकाको एम्बुलेन्स सेवा कोषमा आवश्यक पर्ने स्रोतको व्यस्थापन गर्ने ।

(६) एम्बुलेन्स सेवा सम्बन्धी प्रतिवेदन प्रक्रियागत रुपमा समितिमा पेश गर्ने ।

(७) एम्बुलेन्स सेवा सम्वन्धमा भए गरेका कामको अनुगमन र मुल्यांकन नगरपालिकाको निर्देशनमा एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन परिचालन समसितिले गर्ने छ र त्यसको प्रतिवेदन मासिक रुपमा नगरपालिकामा बुझाउनु पर्नेछ ।

(८) समय समयमा नगर पालिकाले दिएको निर्देशनको पालना गर्ने ।

(९) तोकिएको अन्य कार्य गर्ने ।

## परिच्छेद- ३

## एम्बुलेन्स सेवा कोषको सचिवालय स्थान

**७. एम्बुलेन्स सेवा कोषको स्थापनाः**

(१) मुसीकोट नगरपालिकामा स्थानीय तह विविध कोष खाता अन्तर्गत एम्बुलेन्स सेवा कोष नामको एक कोष स्थापना गरिनेछ ।

(२) यस कोषमा देहाय बमोजिमका रकमहरु जम्मा हुनेछः

(क) नगरपालिकाबाट कोषलाई अनुदान स्वरुप प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्था वा निकायद्धारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(ग) नगरपालिकाद्धारा संचालीत एम्बुलेन्स भाडामा दिए बाफत प्राप्त हुने रकम,

(घ) प्रदेश तथा संघीय सरकारवाट प्राप्त हुने रकम,

(ङ) वैदेशिक सरकार, व्यक्ति वा निकायबाट प्राप्त हुने सहयोग रकम । तर, यस्तो सहयोग प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृती लिनु पर्दछ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

(च) कोषको रकम ऋण लगानी गरी त्यसबाट प्राप्त साँवा तथा ब्याज रकम,

(३) कोषका जम्मा भएको रकम बैंकमा "स्थानीय तह विविध कोष खाता खोली एम्बुलेन्स सेवा कोष" नामक सहायक खाता बनाई आर्थिक कारोबार सञ्चालन गर्नु पर्दछ ।

## ८. एम्बुलेन्स सेवा कोषको सचिवालयः

एम्बुलेन्स सेवा कोषको सचिवालय नगरकार्यपालिकाको कार्यालय भवन भित्र वा कार्यपालिकाले तोकेको स्थानमा हुनेछ र यसको काम कारवाहीमा कोषको छुट्टै छाप हुनेछ।

## ९. कोषको लेखा व्यवस्था

(क) कोषको सम्पूर्ण खाताहरु प्रमुख प्रशासकीय अधिकृत, लेखा प्रमुख र एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन परिचालन समितिको सदस्य सचिव वीच रहने छ ।

(ख) एम्बुलेन्स सेवा कोष समितिको माग अनुसार लगानी गरिनेछ ।

(ग) एम्बुलेन्स सेवा विकास कोषमा तपशिल अनुसारका खाताहरु रहनेछ ।

१ संचालन खाता

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

२ ऋणपुंजी खाता

३ कार्यक्रम खाता

(घ) एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन परिचालन कोषको लेखा व्यवस्थापन तथा आर्थिक कारोवारको लेखा नेपाल सरकारको लेखा प्रणाली अनुसार हुनेछ ।

(ङ) एम्बुलेन्स सेवाको सम्पूर्ण कोषको रेखदेख र लेखा व्यवस्थापन साथै सम्पूर्ण काम सदस्य सचिववाट हुनेछ।

## परिच्छेद- ४

## एम्बुलेन्स सेवा, सुविधा तथा शुल्क सम्वन्धी व्यवस्था

**१०. एम्बुलेन्स सेवा, सुविधा तथा शुल्क सम्वन्धी व्यवस्थाः**

(क) मुसिकोट नगरपालिका भित्र बसोवास गर्ने अति विपन्न घरपरिवारका सदस्य जसका एकाघरका परिवारका कुनै पनि सदस्य रोजगारमा संलग्न नभएका नागरीकहरु गंभीर प्रकृतिको विरामी भै जिल्लामा उपचार हुन नसकी जिल्ला स्थित सरकारी अस्पतालको रेफरमा दाङ्ग, नेपालगन्ज र सुर्खेत सम्म पुरयाउदा लाग्ने एम्बुलेन्स भाडा निशुल्क हुनेछ।

(ख) प्राकृतिक प्रकोप, कुनै पनी प्रकारको दुर्घटनामा परेको व्यक्ति, तत्काल सुत्केरी हुने अवस्थाका महिला,

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

मानिसक रोगी तथा वेवारीसे मानिसलाई एम्बुलेन्स सेवा दिनु पर्ने अवस्था भएमा निशुल्क सेवा दिइने छ ।

(ग) उपरोक्त सेवा बाहेक अन्य सेवाग्राहीको हकमा नगरपालिका क्षेत्र भित्र, जिल्ला भरी तथा जिल्ला बाहीर एम्बुलेन्स सेवा शुल्क तथा अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिमको सेवा शुल्क लाग्नेछ ।

(घ) सेवा शुल्क तथा अन्य व्यस्था सम्वन्धमा मुसिकोट नगरपालिकाले समय समयमा सूचना प्रकाशित गर्न सक्नेछ ।

**११. निशुल्क एम्बुलेन्स सेवा, सुविधा लिदा अपनाउनु पर्ने प्रक्रियाहरुः**

(क) निवेदन

(ख) विरामीको नगरपालिका क्षेत्र भित्र स्थायी बसोवास गरेको पहिचाहन खुल्ने कागजात

(घ) जिल्ला अस्पतालको रेफर कागज ।

(ङ) विपन्न तथा एकाघरपरिवारको सदस्य अस्थायी वा स्थायी कारार नेपाल सरकारको तथा कुनै सार्वजनीक संघ संस्थामा रोजगारमा नभएको भनी सम्वन्धीत वडा कार्यालयको सिफारिस पत्र ।

(च) मेरो आर्थिक अवस्था यो हो तथा मेरो घरपरिवारका सदस्य कुनै रोजगारीमा छैन भनी अनुसूची २ बमोजिकको स्वघोषणापत्र पेश गर्नुपर्नेछ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

(छ) यी माथिका बुदाहरु उल्घन गरेर सिफारिस गरेमा निजको सेवामा प्रयोग भएको रकम सिफारिकर्तावाट असुल उपर गरिनेछ ।

**१२. कोषको लेखा परिक्षणः**

(१) एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी लेखाको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकवाट हुनेछ ।

(२) लेखा परिक्षण गराउने जिम्मेवारी एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन परिचालन समितिको हुनेछ ।

**१३. वाधा अडकाउ फुकाउ परिमार्जन संशोधन र खारेजी सम्बन्धी व्यवस्थाः**

(१) यस कार्यविधिमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(२) यस कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले निर्णय गरी परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

(३) यस अघि एम्बुलेन्स सेवा संचालन सम्बन्धमा भए गरेका काम कारवाहि सम्बन्धी व्यवस्था यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

# अनुसूची -१

मितिः .............

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
मुसिकोट नगरपालिका रुकुम, पश्चिम

विषयः निशुल्क एम्बुलेन्स सेवा उपलव्ध गराई पाउँ ।

उपरोक्त विषयमा मुसिकोट नगरपालिका वडा नं .. .. को.. .. .. .. .. ..टोलमा बस्ने म निवेदकको आर्थिक अवस्था अति विपन्न हुनुका साथै घरपरिवारका कुनै पनि सदस्य रोजगारमा संलग्न नभएका कारण आर्थिक अवस्था अत्यन्त कम्जोर रहेकोले गंभीर रुपमा विरामी भै जिल्ला बाहिर उचार गर्न जानु पर्ने भएकोले .. .. .. .. जिल्लाको .. .. .. .. स्वास्थ्य संस्थासम्म पुरयाउदा लाग्ने एम्बुलेन्स भाडा निशुल्क रुपमा उपलव्ध गराई पाउँ भनी आवश्यक कागजातहरु यसै निवेदनसाथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।

<u>संलग्न कागजातहरुः</u>

क. नगरपालिका क्षेत्र भित्र स्थायी बसोवास गरेको पहिचाहन खुल्ने कागजात ।

ख. अस्पतालको रेफर कागज ।

ग. विपन्न परिवार भित्र पर्छु भनी सम्वन्धीत वडा कार्यालयको सिफारिस पत्र ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

घ. मेरो आर्थिक अवस्था यो हो तथा मेरो घरपरिवारका सदस्य कुनै रोजगारीमा छैन

भनी गरिएको स्व घोषणापत्र ।

निवेदक

हस्ताक्षरः

नामः

ठेगानाः

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

# अनुसूची -२

## (दफा ११ को (च) सँग सम्बन्धित)

## स्वघोषणापत्र

मितिः

प्रस्तुत विषयमा रुकुम पश्चिम जिल्ला मुसिकोट नगरपालिका वडा नं. ..................को ............... टोलमा बस्ने ................... को श्रीमान/श्रीमति/छोरा/छोरी म .................. अति विपन्न घरपरिवारमा प्रर्दछु साथै मेरो र मेरा एकाघरका परिवारका कुनै पनि सदस्य रोजगारमा संलग्न नभएको व्यहोरा स्वघोषणा गर्दछु । स्वघोषणा गरिएको व्यहोरा साँचो हो झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

घोषणाकर्ता

हस्ताक्षर :

नाम :

ठेगाना :

सम्पर्क नं. :

आज्ञाले,

विनाराम खडका

नि. प्रमुख प्रशासकीय अधिकृत

मुसिकोट नगरपालिका स्थानीय राजपत्र